रेइवा 2 साल जून 26 तारिख
(२०२२ अक्टोबर ७ तारिखमा नविकरण गरिएको)
जापान अध्यागमन सेवा एजेन्सी

**नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरूको लागि**

नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरू निम्न विधिद्वारा जापान पुनः प्रवेश गर्न सक्ने(*1) हुनाले, हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावाससँग परामर्श लिनुहोस्।

[1] जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघेको भएमा वा मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएमा

हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याउन सकिने अवस्थाहरू हुन सक्छ।

[ मान्य अवधि समाप्त हुने मितिदेखि अधिकतम 1 वर्षको अवधि लम्ब्याउन सकिन्छ। ]

जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याइएको खण्डमा, नयाँ मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्नुहोस्। लम्ब्याउन नसकेको खण्डमा, [2]को विधिद्वारा जापान प्रवेश गर्नुहोस्।

[2]　विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघिसकेको खण्डमा (यसमा [1]को विधि गर्न नसकेको अवस्था पनि पर्छ।)

यसमा, ती व्यक्तिहरूलाई लागू हुन्छ जसको जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि समाप्त हुने मिति २०२० साल जनवरी १ तारिखदेखि २०२३ साल अप्रिल ३० तारिखसम्मको समयमा पर्छ।

२०२३ साल अप्रिल ३० तारिखसम्म हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा "निर्धारित स्थायी बसोबासी" को भिसाको लागि आवेदन दिनुहोस्।

भिसा जारी गरिएमा, जापान प्रवेश गर्दा, "स्थायी बसोबासी" को रूपमा जापान प्रवेश गर्नको लागि जापानको विमानस्थलमा चाहिने प्रक्रिया गर्न सकिन्छ।

*1 [१] र [२] को प्रक्रियामा आवश्यक कागजातहरूबारे तलको परराष्ट्र मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।
https://www.mofa.go.jp/about/emb_cons/mofaserv.html (परराष्ट्र मन्त्रालयको होमपेजमा जाने)

*2 यस ब्यवस्था लागु हुने ब्यक्तिले यस ब्यवस्था उपयोग नगरी "स्थायी बसोबासी" बाहेकको भिसाले निम्न (1) वा (2) अनुसार जापान प्रवेश गरेर जापान प्रवेश पश्चात ६ महिना भित्रमा स्थायी वसोवासको अनुमतिको निवेदन दिएको खण्डमा, स्थायी बसोबासी निवेदन पत्र, याचना पत्र (छुट्टै नत्थी गरिएको फ़ारम १), र पहिलेको रेसिदेन्स कार्डको प्रतिलिपिको आधारमा जाँच गरिन्छ। (आवश्यकता अनुसार अन्य कागजातहरुको माग हुन पनि सक्छ)

(1) विदेशी नागरिकले "स्थायी बसोबासी" बाहेकको भिसाले जापान प्रवेश गरेमा, आवेदन गरिएको भिसाको मान्य अवधि भित्र, २०२३ साल ओक्तोबर ३१ तारिखसम्म

(2) विदेशी नागरिकले २०२३ साल ओक्तोबर ३१ तारिखसम्म भिसाबिना र "स्थायी बसोबासी" बाहेकको निवासको स्थितिमा जापान प्रवेश गरेमा

यद्यपि, कृपया याद गर्नुहोस् कि जापान प्रवेश गरेपछि स्थायी बसोबास प्राप्त गर्न प्रति व्यक्ति ८,००० येन शुल्क लाग्छ।

साथै याद गर्नुहोस् किविदेशी नागरिकले जापान प्रवेश गरेको ६ महिनाभन्दा लामो समय पछि स्थायी बसोबासको आवेदन पेश गरेमा, साधारण तरिकाले स्थायी

बसोबासका आवेदन गर्नका लागि आवश्यक पर्ने प्रमाणिकरण कागजातहरू नै पेश गर्नुपर्ने हुन्छ।

विदेशी नागरिकले स्थायी बसोबास अनुमति पाएर मध्यम देखि निर्धारित स्थायी बसोबासी बन्नुहुन्दा, स्थायी बसोबास अनुमति पाएपछि जुन नगरपालिकामा बस्नुहुने, त्यहाँ आफ्नो निवास स्थानको ठेगाना खबर गर्न आवश्यक छ।